नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, फागुन १४ गते, २०७४ साल (संख्या ५७

भाग ३

नेपाल सरकार

रक्षा मन्त्रालयको

सूचना १

सैनिक प्राड सेवा नियमावली, २०७४

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सैनिक प्राड सेवा नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अदालत" भन्नाले ऐनको दफा ६७ बमोजिम गठित सैनिक अदालत सम्झनु पर्छ र सो हुनेछ ।

आधिकारिकता सुनिश्चित अदालत सम्झनु पर्छ र सो हुनेछ ।

शब्दले दफा ११९ को उपदफा (७) बमोजिम गठित पुनरावेदन समितिलाई समेत जनाउँछ ।

(ख) "ऐन" भन्नाले सैनिक ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "पदपूर्ति समिति" भन्नाले नियम ७ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(घ) "प्राड अधिकृत" भन्नाले सैनिक प्राड सेवामा नियुक्त भएको अधिकृत सम्झनु पर्छ ।

(ङ) "बढुवा समिति" भन्नाले नियम १७ बमोजिमको बढुवा समिति सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको रक्षा मन्त्रालय सम्झनु पर्छ ।

(छ) "सेना प्राड विवाक" भन्नाले सैनिक प्राड सेवाको प्रमुख सम्झनु पर्छ ।

(ज) "सैनिक प्राड सेवा" भन्नाले नेपाली सेनामा कानून तथा न्यायसँग सम्बन्धित कार्य सम्पादन गर्न नियुक्त प्राड अधिकृत तथा प्राड पदिकसँग सम्बन्धित सेवा सम्झनु पर्छ ।

(झ) "सैनिक नियमावली" भन्नाले सैनिक सेवा नियमावली, २०६९ सम्झनु पर्छ ।

परिच्छेद-२

सैनिक प्राड सेवाको पदपूर्ति तथा नियुक्ति सम्बन्धी

३. सैनिक प्राड सेवा : सैनिक नियमावली बमोजिम एक सैनिक प्राड सेवा रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सैनिक प्राड सेवामा रहने पद : सैनिक प्राड सेवामा देहाय बमोजिमका पद रहनेछन् :-

(१) अधिकृततर्फ :

(क) उपरथी

(ख) सहायक रथी

(ग) महासेनानी

(घ) प्रमुख सेनानी

(ङ) सेनानी

(च) सहसेनानी

(छ) उप सेनानी

(२) पदिकतर्फ :

(क) सुवेदार

(ख) जमदार

५. सैनिक प्राड सेवाको पदपूर्ति : (१) सैनिक प्राड सेवाको देहायको पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

	पद	खुला प्रतियोगिताद्वारा	बढुवाद्वारा	आन्तरिक प्रतियोगिताद्वारा
(क)	जमदार	१००%	-	-
(ख)	सुवेदार	-	१००%	-
(ग)	उपसेनानी	९०%	-	१०%
(घ)	सहसेनानी	-	१००%	-
(ङ)	सेनानी	-	१००%	-
(च)	प्रमुख सेनानी	-	१००%	-
(छ)	महासेनानी	-	१००%	-
(ज)	सहायक रथी	-	१००%	-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ)	उपरथी	-	१००%	-

(२) उपनियम (१) बमोजिम उपसेनानी पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक शैक्षिक योग्यता पुगेका प्राड सेवाको पदिक पदमा दश वर्ष सेवा अवधि पूरा गरेका सुवेदार उम्मेदवार हुन सक्नेछन् ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

(क) महिला - बीस प्रतिशत

(ख) आदिवासी/जनजाति - बत्तीस प्रतिशत

(ग) मधेशी - अठ्ठाइस प्रतिशत

(घ) दलित - पन्ध्र प्रतिशत

(ङ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

स्पष्टीकरण :

(१) यस उपनियमको प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेशी, दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

(२) खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले मनाङ, मुस्ताङ, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(३) खण्ड (ख), (ग) वा (घ) बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खण्डको समूहको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ ।

(४) यस उपनियम बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलितको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

तर त्यसरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण महिला, आदिवासी/जनजाति, मधेशी र दलितलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको मानिनेछ ।

(५) यस उपनियम बमोजिम छुट्याइएका पदको लागि दरखास्त दिंदा देहायका कागजात संलग्न गरेको हुनु पर्नेछ :-

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितको लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) मधेशीको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) पिछडिएको क्षेत्रका लागि स्पष्टीकरणको खण्ड (२) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र र सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको ।

(४) उपनियम (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घताङ्क (फ्र्याक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा घताङ्क आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(५) उपनियम (३) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी पदपूर्ति हुन नसकेमा त्यस्तो पद सो वर्षको सोही विज्ञापनमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवार छनौट गर्नु पर्नेछ ।

६. योग्यता : सैनिक प्राड सेवाको उपसेनानी र जमदार पदमा उम्मेदवार हुन आवश्यक पर्ने योग्यता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. पदपूर्ति समिति : सैनिक प्राड सेवाको देहायको पदमा उम्मेदवार छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ :-

(क) उपसेनानी पदको लागि,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य -अध्यक्ष

(२) मन्त्रालयको सचिव -सदस्य

(३) कार्यरथी -सदस्य

(४) प्रधान सेनापतिले तोकेको प्रथम श्रेणीको प्राड अधिकृत -सदस्य

(५) निर्देशक, भर्ना छनौट निर्देशनालय - सदस्य-सचिव

(ख) जमदार पदको लागि,-

(१) निर्देशक, भर्ना छनौट निर्देशनालय -अध्यक्ष

(२) प्रतिनिधी (अधिकृत) लोक सेवा आयोग -सदस्य

(३) प्रतिनिधि (अधिकृत), मन्त्रालय -सदस्य

(४) प्रतिनिधि (अधिकृत), प्राड विवाक -सदस्य

(५) अधिकृत, भर्ना छनौट निर्देशनालय - सदस्य-सचिव

८. परीक्षाको किसिम : (१) सैनिक प्राड सेवामा रिक्त रहेको उपसेनानी र जमदार पदमा पदपूर्तिको लागि उम्मेदवारको छनौट गर्न देहायको परीक्षा लिनु पर्नेछ :-

(क) वियरिङ परीक्षा,

(ख) बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण,

(ग) शारीरिक परीक्षा,

(घ) लिखित परीक्षा,

(ङ) प्रयोगात्मक परीक्षा,

(च) विस्तृत स्वास्थ्य परीक्षण,

(छ) अन्तर्वार्ता ।

(२) उपसेनानी पदको उम्मेदवारको लागि उपनियम (१) मा उल्लेख गरेका परीक्षाका अतिरिक्त गुणमापक परीक्षा (आइ.ओ, टि.ओ., जि.टि.ओ र बोर्ड कन्फ्रेन्स) समेत लिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सैनिक प्राड सेवामा रिक्त रहेका पदहरु स्थायी पूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।

९. पाठ्यक्रम निर्माण समिति : (१) सैनिक प्राड सेवामा खुल्ला तथा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि आवश्यक पर्ने पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्न देहाय बमोजिमको पाठ्यक्रम निर्माण समिति रहनेछ :-

(क) निर्देशक, भर्ना छनौट निर्देशनालय -अध्यक्ष

(ख) प्रमुख सेनानी वा सेनानी, सैनिक प्राड सेवा -सदस्य

(ग) प्रतिनिधि (अधिकृतस्तर), लोक सेवा आयोग -सदस्य

(घ) प्रतिनिधि (अधिकृतस्तर), मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि (अधिकृतस्तर), भर्ना छनौट निर्देशनालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिले निर्माण तथा परिमार्जन गरेको पाठ्यक्रम पदपूर्ति समितिबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१०. नियुक्ति गर्ने अधिकारी : पदपूर्ति समितिको सिफारिसमा सैनिक प्राड सेवाको उपसेनानी पदमा मन्त्रालयले र जमदार पदमा कार्यरथीले नियुक्ति गर्नेछ ।

११. उमेरको हद : सैनिक प्राड सेवाको पदमा कार्यरत अधिकृतको उमेरको हद ऐनको अनुसूची-३ को प्राविधिक तर्फको अधिकृत सरह र पदिकको उमेरको हद देहाय बमोजिम हुनेछ :-

(क) सुवेदार -बाउन्न वर्ष

(ख) जमदार -एकाउन्न वर्ष ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. पदावधि : प्रमुख सेनानी देखि उपरथी सम्मका अधिकृतको पदावधि ऐनमा उल्लेख भएको प्राविधिक तर्फको अधिकृत सरह हुनेछ ।

परिच्छेद-३
बढुवा सम्बन्धी व्यवस्था

१३. बढुवा हुन चाहिने योग्यता : (१) सैनिक प्राड सेवाको अधिकृत तथा पदिक पदमा बढुवा हुन देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) अनुसूची -२ बमोजिमको तालिम पूरा गरेको,

(ख) कार्यसम्पादन मूल्याङ्कनमा योग्य देखिएको,

(ग) नियम १५ बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएको,

(घ) नियम १६ बमोजिमको शैक्षिक योग्यता भएको,

(ङ) शारीरिक तन्दुरुस्ती परीक्षा (बेसिक फीटनेस टेस्ट) उत्तीर्ण गरेको,

तर कुनै सैनिक व्यक्ति कर्तव्य पालनाको सिलसिलामा घाइते भई यस खण्ड बमोजिमको परीक्षामा सहभागी हुन नसक्ने भए पनि सैनिक नियमावलीको नियम ३७ बमोजिम स्वास्थ्य वर्गीकरणमा योग्य ठहरिएमा निज सो प्रयोजनका लागियस नियमावली बमोजिम बढुवाको लागि योग्य हुनेछ ।

(च) बडी मास ईन्डेक्स (बी.एम.आई) र स्वास्थ्य वर्गीकरण (मेडिकल क्याटगोरी) मा योग्य ठहरिएको ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ भएको मितिले दुई वर्षसम्म प्राड पदिक वेसिक तालीम, प्राड अधिकृत वेसिक तालीम, प्राड एडभान्स

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तालीम वा मिड क्यारियर म्यानेजमेन्ट तालीम नलिएको सैनिक व्यक्ति बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

१४. बढुवा गर्ने अधिकारी : बढुवा समितिको सिफारिसमा देहायको पदमा बढुवा गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क) महासेनानी देखि उपरथीसम्म -नेपाल सरकार

(ख) उपसेनानी देखि प्रमुख सेनानीसम्म -प्रधान सेनापति

(ग) सुवेदार -सेना प्राड विवाक ।

१५. बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि : (१) सैनिक प्राड सेवाका अधिकृत पदमा बढुवाको लागि उम्मेदवार हुन देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको र एक तहमुनी कार्यरत रहेको हुनु पर्नेछ :-

बढुवा हुने पद	अधिकृत सेवा अवधि
(क) सहसेनानी	दुई वर्ष
(ख) सेनानी	सात वर्ष
(ग) प्रमुख सेनानी	तेह्र वर्ष
(घ) महासेनानी	सत्र वर्ष
(ङ) सहायक रथी	बीस वर्ष
(च) उपरथी	एक्काइस वर्ष ।

(२) सैनिक प्राड सेवाको सुवेदार पदमा बढुवा हुन जमदार पदमा पाँच वर्ष सेवा अवधि पुगेको हुनु पर्नेछ ।

१६. शैक्षिक योग्यता : (१) सैनिक प्राड सेवाको अधिकृत तथा पदिक पदको लागि आवश्यक पर्ने शैक्षिक योग्यता देहाय बमोजिम हुनेछ :-

(क) खुल्ला प्रतियोगिताको लागि,-

पद	न्यूनतम शैक्षिक योग्यता
(१) जमदार	दश जोड दुई वा सो सरह
(२) उपसेनानी	कानूनमा स्नातक तह उत्तीर्ण गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल कानून व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको ।

(ख) आन्तरिक प्रतियोगिताको लागि,-

पद	न्यूनतम शैक्षिक योग्यता
(१) उपसेनानी	कानूनमा स्नातक

(ग) बढुवाको लागि-

पद	न्यूनतम शैक्षिक योग्यता
(१) सुवेदार	दश जोड दुई वा सो सरह
(२) सहसेनानी	कानूनमा स्नातक
(३) सेनानी	कानूनमा स्नातक
(४) प्रमुख सेनानी	कानूनमा स्नातक
(५) महासेनानी	कानूनमा स्नातकोत्तर
(६) सहायक रथी	कानूनमा स्नातकोत्तर
(७) उपरथी	कानूनमा स्नातकोत्तर ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत सैनिक प्राड सेवाको प्रमुख सेनानी वा सोभन्दा माथिको पदमा कार्यरत अधिकृतको हकमा कानूनमा स्नातकोत्तर नभए पनि यो नियमावली प्रारम्भ भएको मितिले चार वर्षसम्म त्यस्तो पदमा बढुवा हुन बाधा पर्ने छैन ।

१७. बढुवा समिति : (१) देहायको पदमा बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ :-

(क) उपरथी पदको लागि,-

(१) प्रधान सेनापतिले तोकेको रथी	-अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रधान सेनापतिले तोकेको विभागीय प्रमुख उपरथी दुई जना -सदस्य

(३) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको उपरथी -सदस्य

(४) कार्यरथी -सदस्य-सचिव

(ख) महासेनानी र सहायक रथी पदको लागि,-

(१) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष

(२) कार्यरथी -सदस्य

(३) सेना प्राड विवाक -सदस्य

(४) प्रधान सेनापतिले तोकेको उपरथी -सदस्य

(५) सैनिक सचिव -सदस्य-सचिव

(ग) सहसेनानी, सेनानी तथा प्रमुख सेनानी पदको लागि,-

(१) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष

(२) कार्यरथी -सदस्य

(३) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको सहायक रथी -सदस्य

(४) प्रधान सेनापतिले तोकेको सेना प्राड विवाकको सहायक रथी -सदस्य

(५) सैनिक सचिव -सदस्य-सचिव

(घ) सुवेदार पदको लागि,-

(१) सेना प्राड विवाकले तोकेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहायक रथी वा महासेनानी -अध्यक्ष

(२) सेना प्राड विवाकले तोकेको अधिकृत -सदस्य

(३) सेना प्राड विवाकले तोकेको अधिकृत -सदस्य-सचिव

(२) अधिकृतको हकमा सैनिक सचिव विभाग र पदिकको हकमा सम्बन्धित कार्यालयबाट बढुवा हुन नियम १३ बमोजिमको योग्यता पूरा गरेको व्यहोरा लेखी आएपछि बढुवा समितिले यस नियमावलीको अधीनमा रही बढुवा सम्बन्धी कारबाही गर्नेछ ।

(३) बढुवा समितिका अध्यक्ष, सदस्य तथा सदस्य सचिवले बढुवा समितिको सदस्यको रुपमा काम गर्नुअघि अनुसूची-३ बमोजिमको कबुलियतनामा गर्नु पर्नेछ ।

१८. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि अधिकृत वा पदिक कर्मचारी देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(घ) बार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराममा (नेकिबदीको कलमी चित्र लेखिने महलमा) बढुवाको लागि अयोग्य भनी लेखिएको र त्यस्तो रायलाई अख्तियारी प्राप्त सैनिक अधिकारीबाट समर्थन गरेकोमा सो आर्थिक वर्ष सम्म,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) निजी प्रयासमा अध्ययन वा तालिमको लागि विदामा बसेकोमा सो अवधिभर,

(च) कुनै कसूरको सम्बन्धमा कोर्ट अफ ईन्क्वाइरीमा विचाराधिन रहेकोमा सो अवधिभर,

(छ) कुनै कसूरको छानविनको क्रममा रहेको अवस्थामा सो छानविन समाप्त नभएसम्म,

(ज) कुनै कसूरको सम्बन्धमा अदालतमा मुद्दा दायर भएकोमा अदालतबाट सफाई नपाएसम्म,

(झ) कुनै कसूरमा अदालतबाट सजाय भएकोमा सो सजाय भुक्तान नगरेसम्म ।

(२) देहायको अवस्थामा अधिकृत तथा पदिक कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन :-

(क) आर्थिक अनियमितता वा बहुविवाहको कसूरमा अदालतबाट कसूरदार ठहर भएमा,

(ख) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घन हुने कार्य गरेको भनी अदालतबाट ठहर भएमा,

(ग) स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी दुई भन्दा बढी भएमा ।

(३) उपनियम (२) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अधिकृत वा पदिक कर्मचारीलाई तालिम वा आफ्नो पदीय कर्तव्य पालना गर्दाको अवस्थामा कुनै शारीरिक चोटपटक लागेमा र निजको स्वास्थ्य परीक्षण गराउँदा चोटपटक लागेको अङ्ग बाहेक निज शारीरिक तथा मानसिक रूपमा स्वस्थ रही आफ्नो पद अनुरुपको कार्य तथा सम्बन्धित तालिम गर्न सक्षम देखीमेडिकल बोर्डले निजलाई स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी एक प्रदान गरेमा त्यस्तो अधिकृत वा पदिक कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. स्थानीय, मानार्थ तथा विशेष बढुवा : स्थानीय, मानार्थ तथा विशेष बढुवा सम्बन्धी व्यवस्था सैनिक नियमावली बमोजिम हुनेछ ।

२०. कार्यवाहक बढुवा : (१) बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका र अधिकृत पदमा देहाय बमोजिमको सेवा अवधि पूरा गरेका सहसेनानी देखि सहायक रथीसम्मका अधिकृतलाई एक तह माथिको पद रिक्त रहेको अवस्थामा बढुवा समितिको सिफारिसमा आवश्यकता अनुसार नियम १४ बमोजिमको अधिकारीले कार्यवाहक बढुवा गर्न सक्नेछ :-

	बढुवा हुने पद	अधिकृत सेवा अवधि
(क)	उपरथी	बीस वर्ष
(ख)	सहायक रथी	उन्नाइस वर्ष
(ग)	महासेनानी	सोह्र वर्ष
(घ)	प्रमुख सेनानी	बाह्र वर्ष
(ङ)	सेनानी	छ वर्ष

(२) उपनियम (१) बमोजिम बढुवा गर्दा ज्येष्ठतालाई प्राथमिकता दिइनेछ ।

(३) उपनियम (१) बमोजिम कार्यवाहक बढुवा भएका अधिकृतले कार्यवाहक पाएको पदको तलब र दर्ज्यानी चिन्ह लगाउन पाउनेछ । तर सो कार्यबाहक अवधि पदावधिमा गणना हुने छैन ।

(४) कार्यवाहक बढुवा हुने अधिकृतले कार्यवाहक अवधिभरको तलब वृद्धी (ग्रेड) पाउने छैन ।

परिच्छेद -४

विविध

२१. सरुवा नगरिने : सैनिक प्राड सेवाको अधिकृतलाई अर्को सेवा वा समूहको कुनै पदमा सरुवा गरिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ६ सँग सम्बन्धित)

उपसेनानी र जमदार पदको लागि आवश्यक पर्ने योग्यता

१. सैनिक प्राड सेवाको खुल्ला प्रतियोगिताद्वारा उपसेनानी र जमदार पदमा उम्मेदवार हुन देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) उपसेनानी पदको लागि आवेदन दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई पुरुषको हकमा उनन्तीस वर्ष र महिलाको हकमा तीस वर्ष ननाघेको र जमदार पदको लागि अठार वर्ष पूरा भई पच्चीस वर्ष ननाघेको,

तर नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिले पैतीस वर्ष उमेर पूरा नभएसम्म बढीमा तीन पटक आवेदन दिन सक्नेछ ।

(ग) पुरुषको हकमा उचाई कम्तीमा ५ फिट ३ इन्च, छाती नफुलाउँदा ३२ इन्च र फुलाउँदा ३४ इन्च, वजन ५० के.जी. (११० पौण्ड) भएको र महिलाको हकमा उचाई कम्तीमा ५ फिट र वजन ४० के.जी. (८८ पौण्ड) भएको,

(घ) बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको,

(ङ) आँखा +२ भन्दा बढी कमजोर नभएको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(छ) तत्काल कुनै राजनैतिक दलको सदस्य नभएको वा नरहेको,

(ज) कुनै आपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) कुनै विध्वंसात्मक उद्देश्य भएको संघ संस्थाको सदस्य नभएको वा नरहेको,

(ञ) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको,

(ट) मानव अधिकार र मानवीय कानून उल्लंघन वापत सजाय नपाएको,

(ठ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

२. सैनिक प्राड सेवाको आन्तरिक प्रतियोगिताद्वारा बढुवा हुने उपसेनानी पदमा उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) बि.एम.आई. योग्य र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी दुई वा सो भन्दा कम भएको,

(ख) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि.) उत्तीर्ण गरेको,

(ग) युनिटपतिको सिफारिस भएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -२

(नियम १३ को खण्ड (क) सँग सम्बन्धित)

सैनिक प्राड सेवाका अधिकृत तथा पदिकको बढुवाको लागि आवश्यक पर्ने तालिम

क्र.सं.	बढुवा हुने पद	बढुवाको लागि आवश्यक तालिम
(क)	सुवेदार	(क) प्राविधिक आधार तालिम (ख) प्राड पदिक वेशिक तालिम
(ख)	सहसेनानी	प्राविधिक अधिकृत आधार तालिम
(ग)	सेनानी	(क) प्राड अधिकृत वेशिक तालिम (ख) गुल्मपति तथा स्टाफ तालिम
(घ)	प्रमुख सेनानी	प्राड एड्भान्स तालिम
(ङ)	महासेनानी	मिड क्यारियर म्यानेजमेन्ट कोर्ष वा हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -३

(नियम १७ को उपनियम (३) सँग सम्बन्धित)

कबुलियतनामा

..... को सूचना वा पत्र बमोजिम ..... पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेका कुनै पनि उम्मेदवार मेरो नजिकको नातेदार पर्दैन । बढुवा समितिको काम कारवाही गर्दा मैले प्रचलित कानूनको अधीनमा रही गर्नेछु भनी यो कबुलियतनामा गर्दछु ।

कबुलियत गर्नेको,–

नाम :

दस्तखत :

पद :

मितिः

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

सैनिक हवाई सेवा नियमावली, २०७४

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सैनिक हवाई सेवा नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सैनिक ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "पदपूर्ति समिति" भन्नाले नियम ७ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(ग) "बढुवा समिति" भन्नाले नियम १७ बमोजिमको बढुवा समिति सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको रक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सैनिक नियमावली" भन्नाले सैनिक सेवा नियमावली, २०६९ सम्झनु पर्छ ।

(च) "सैनिक हवाई सेवा" भन्नाले नियम ३ बमोजिमको समूह वा उपसमूहमा आबद्ध सैनिक व्यक्तिहरु रहेको सेवा सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-२

सैनिक हवाई सेवाको पदपूर्ति तथा नियुक्ति

३. सैनिक हवाई सेवा : (१) सैनिक नियमावली बमोजिमको एक सैनिक हवाई सेवा रहनेछ ।

(२) सैनिक हवाई सेवामा देहाय बमोजिमका समूह रहनेछन् :-

(क) पाइलट समूह,

(ख) हवाई सम्भार समूह,

(ग) अन्य हवाई समूह ।

(३) उपनियम (२) को खण्ड (ग) बमोजिमको अन्य हवाई समूह अन्तर्गत देहायका उपसमूह रहनेछन् :-

(क) ग्राउण्ड ह्याण्डलिङ्ग उपसमूह,

(ख) एभिएसन बन्दोबस्ती तथा प्राप्ति उपसमूह,

(ग) डिस्प्याचर उपसमूह,

(घ) एयर ट्राफिक कन्ट्रोलर उपसमूह ।

४. सैनिक हवाई सेवामा रहने पद : सैनिक हवाई सेवाका देहायका समूहमा देहाय बमोजिमका पद रहनेछन् :-

	(क) पाइलट समूह	(ख) हवाई सम्भार समूह	(ग) अन्य हवाई समूह
१.	-	अमल्दार	अमल्दार
२.	-	हुद्दा	हुद्दा
३.	-	जमदार	जमदार
४.	-	सुवेदार	सुवेदार
५.	उपसेनानी	उपसेनानी	उपसेनानी
६.	सहसेनानी	सहसेनानी	सहसेनानी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७.	सेनानी	सेनानी	सेनानी
८.	प्रमुख सेनानी	प्रमुख सेनानी	प्रमुख सेनानी
९.	महासेनानी	महासेनानी	-
१०.	सहायक रथी	सहायक रथी	-
११.	उपरथी	-	

५. सैनिक हवाई सेवाको पदपूर्ति : (१) सैनिक हवाई सेवामा रहने देहायका पदहरु देहाय बमोजिम पूर्ति गरिनेछ :-

(क) पाइलट समूह :

पद	खुल्ला प्रतियोगिताद्वारा	बढुवाद्वारा	आन्तरिक प्रतियोगिताद्वारा
१. उपसेनानी	४०%	-	६०%
२. सहसेनानी	-	१००%	-
३. सेनानी	-	१००%	-
४. प्रमुख सेनानी	-	१००%	-
५. महासेनानी	-	१००%	-
६. सहायक रथी	-	१००%	-
७. उपरथी	-	१००%	-

(ख) हवाई सम्भार समूह :

पद	खुल्ला प्रतियोगिताद्वारा	बढुवाद्वारा	आन्तरिक प्रतियोगिताद्वारा
१. अमल्दार	८०%	-	२०%
२. हुद्दा	-	१००%	-
३. जमदार	६०%	-	४०%
४. सुबेदार	-	१००%	-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उपसेनानी	७०%	-	३०%
६. सहसेनानी	-	१००%	-
७. सेनानी	-	१००%	-
८. प्रमुख सेनानी	-	१००%	-
९. महासेनानी	-	१००%	-
१०. सहायक रथी	-	१००%	-

(ग) अन्य हवाई समूह :

पद	खुल्ला प्रतियोगिताद्वारा	बढुवाद्वारा	आन्तरिक प्रतियोगिताद्वारा
१. अमल्दार	८०%	-	२०%
२. हुद्दा	-	१००%	-
३. जमदार	६०%	-	४०%
४. सुबेदार	-	१००%	-
५. उपसेनानी	८०%	-	२०%
६. सहसेनानी	-	१००%	-
७. सेनानी	-	१००%	-
८. प्रमुख सेनानी	-	१००%	-

(२) उपनियम (१) को खण्ड (क) बमोजिमको उपसेनानी पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नेपाली सेनाको अधिकृत क्याडेट, सहायक सेनानी वा उपसेनानीमध्येबाट पाइलट तालिम प्राप्त गरेको सैनिक व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(३) उपनियम (१) को खण्ड (ख) र (ग) बमोजिमको अमल्दार पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक शैक्षिक योग्यता पुगेका नेपाली सेनाको जुनसुकै सेवा, समूहमा कार्यरत प्यूठ, सिपाही वा फलोअर्स उम्मेदवार हुन सक्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (१) को खण्ड (ख) र (ग) बमोजिमको उपसेनानी पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक शैक्षिक योग्यता पुगेका सम्बन्धित समूहको पदिक पदमा दश वर्ष सेवा अवधि पूरा गरेका सुबेदार उम्मेदवार हुन सक्नेछन् ।

(५) उपनियम (४) बमोजिम आन्तरिक प्रतियोगिताद्वारा बढुवा नियुक्त भएका उपसेनानीको यस नियमावली बमोजिम महासेनानी र सो भन्दा माथिको पदको लागि आवश्यक पर्ने शैक्षिक योग्यता भएमा मात्र प्रमुख सेनानीसम्म बढुवा हुन सक्नेछन् ।

(६) सैनिक हवाई सेवाका कुनै समूह वा उपसमूहको सैनिकलाई अर्को समूह वा उपसमूहको पदमा बढुवाद्वारा पदपूर्ति गरिने छैन ।

(७) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

(क)	महिला	- बीस प्रतिशत
(ख)	आदिवासी/जनजाती	- बत्तीस प्रतिशत
(ग)	मधेशी	- अठ्ठाईस प्रतिशत
(घ)	दलित	- पन्ध्र प्रतिशत
(ङ)	पिछडिएको क्षेत्र	- पाँच प्रतिशत

स्पष्टीकरण :

(१) यस उपनियमको प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेशी, दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले मनाङ, मुस्ताङ, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(३) खण्ड (ख), (ग) वा (घ) बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक खण्डको समूहको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ ।

(४) यस उपनियम बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाती, मधेशी र दलित समूहको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

तर त्यसरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण महिला, आदिवासी/जनजाती, मधेशी र दलितलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको मानिनेछ ।

(५) यस उपनियम बमोजिम छुट्याइएका पदको लागि दरखास्त दिँदा देहायका कागजात संलग्न गरेको हुनु पर्नेछ :-

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितको लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) मधेशीको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(घ) पिछडिएको क्षेत्रका लागि स्पष्टीकरणको खण्ड (२) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नागरिकताको प्रमाणपत्र र सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको ।

(८) उपनियम (७) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घताङ्क (फ्र्याक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(९) उपनियम (७) बमोजिम समावेशी तर्फ छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी पदपूर्ति हुन नसकेमा त्यस्तो पद सो वर्षको सोही विज्ञापनमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गर्नु पर्नेछ ।

६. योग्यता : सैनिक हवाई सेवामा रहने पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुन आवश्यक पर्ने योग्यता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. पदपूर्ति समिति : सैनिक हवाई सेवाका देहायका पदमा खुल्ला तथा आन्तरिक प्रतियोगिताबाट उम्मेदवार छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ :-

(क) उपसेनानी पदको लागि :-

(१)	लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य	-अध्यक्ष
(२)	मन्त्रालयको सचिव	-सदस्य
(३)	कार्यरथी	-सदस्य
(४)	प्रधान सेनापतिले तोकेको सहायक रथी वा महासेनानी	-सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) निर्देशक, भर्ना छनौट निर्देशनालय -सदस्य-सचिव

(ख) जमदार तथा अमल्दार पदको लागि :-

(१) निर्देशक, भर्ना छनौट निर्देशनालय -अध्यक्ष

(२) प्रतिनिधि (अधिकृत) लोक सेवा आयोग -सदस्य

(३) प्रतिनिधि (अधिकृत), मन्त्रालय -सदस्य

(४) सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत प्रतिनिधि -सदस्य

(५) अधिकृत, भर्ना छनौट निर्देशनालय -सदस्य-सचिव

८. परीक्षाको किसिम : (१) सैनिक हवाई सेवामा रिक्त रहेका पदमा पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्न देहाय बमोजिमको परीक्षा लिनु पर्नेछ :-

(क) वियरिङ्ग परीक्षा,

(ख) बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण,

(ग) शारीरिक परीक्षा,

(घ) लिखित परीक्षा,

(ङ) प्रयोगात्मक परीक्षा,

(च) विस्तृत स्वास्थ्य परीक्षण,

(छ) अन्तर्वार्ता ।

(२) सैनिक हवाई सेवाको उपसेनानी पदको उम्मेदवारको लागि उपनियम (१) मा उल्लेख भएका परीक्षाका अतिरिक्त गुणमापक परीक्षा (आइ.ओ, टि.ओ., जि.टि.ओ र बोर्ड कन्फ्रेन्स) समेत लिनु पर्नेछ ।

(३) सैनिक हवाई सेवाको रिक्त पदमा स्थायी पदपूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।

९. शैक्षिक योग्यता र अनुभव : (१) सैनिक हवाई सेवाका पदमा खुल्ला तथा आन्तरिक प्रतियोगिताको लागि उम्मेदवार हुन आवश्यक पर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शैक्षिक योग्यता तथा अनुभव देहाय बमोजिम हुनेछ :-

(क) पाइलट समूह :-

पद	न्यूनतम शैक्षिक योग्यता	
	खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता
उपसेनानी	भौतिक विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरी इन्टरनेशनल सिभिल एभिएसन अर्गनाइजेसन (आई.सि.ए.ओ.) ले मान्यता दिएको संस्थाबाट कमर्सियल पाइलट लाइसेन्स प्राप्त गरेको र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जहाज वा हेलिकप्टरको कमर्सियल पाइलट लाइसेन्स परीक्षा उत्तीर्ण गरेको ।	भौतिक विज्ञानमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरी नेपाली सेनाबाट पाईलट तालिम प्राप्त भएको ।

(ख) हवाई सम्भार समूहः-

पद	न्यूनतम शैक्षिक योग्यता (खुल्ला तथा आन्तरिक प्रतियोगिता)	
अमल्दार	एस.एल.सी वा सो सरह उत्तीर्ण गरी सम्बन्धित बिषयमा कम्तीमा छ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको ।	
जमदार	खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता
	मेकानिकल,	एस.एल.सी वा सो सरह

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	इलेक्ट्रिकल, इलेक्ट्रोनिक सम्बन्धी कुनै एक बिषयमा प्रविणता प्रमाणपत्र तह (इन्टरमिडियट अफ इन्जिनियरिङ्ग) उत्तीर्ण गरेको ।	उत्तीर्ण गरी एयरफोर्स वा आर्मी एभिएशन इन्स्टिच्युटबाट कम्तीमा एक वर्षको डिप्लोमा उत्तीर्ण गरेको ।
उपसेनानी	खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता
	एरोनटिकल, एभियोनिक्स, मेकानिकल, इलेक्ट्रिकल वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको ।	मेकानिकल, इलेक्ट्रिकल वा इलेक्ट्रोनिक बिषयमा आई.ई.(इन्टरमिडियट अफ इन्जिनियरिङ्ग) उत्तीर्ण गरेको वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी एयर फोर्स वा आर्मी एभिएसन इन्स्टिच्युटबाट कम्तीमा एक वर्षको डिप्लोमा उत्तीर्ण गरी नेपाली सेनाको एयरक्राफ्ट मेन्टेनेन्स अथोरिटी प्राप्त गरेको वा भि.भि.आई.पि. फ्लाइट सेवाको हकमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट एयरक्राफ्ट मेन्टेनेन्स लाइसेन्स प्राप्त गरेको ।

(ग) अन्य हवाई समूहः-

(१) अमल्दार र जमदार पदको लागि,-

पद	न्यूनतम शैक्षिक योग्यता (खुल्ला तथा आन्तरिक प्रतियोगिता)			
	ग्राउण्ड ह्याण्डलिङ्ग उपसमूह	एभिएसन बन्दोबस्ती तथा	डिस्प्याचर उपसमूह	एयर ट्राफिक कन्ट्रोलर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		प्राप्ती उपसमूह		उपसमूह
अमल्दार	एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित बिषयमा कम्तीमा छ महिनाको तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी उत्तीर्ण गरेको ।	एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी छ महिनाको स्टोर किपिङ तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी उत्तीर्ण गरेको ।	एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी डिस्प्याचर (फ्लाइट अप्रेशन ट्रेनिङ) वा लजिष्टिक सम्बन्धी तालिम हासिल गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट टेक्निकल एस.एल.सी. उत्तीर्ण गरेको ।	एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको
जमदार	अटोमोवाइल वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग बिषयमा कम्तीमा इन्टरमिडियट अफ इन्जिनियरिङ्ग (आई.ई.) वा सो सरह उत्तीर्ण गरेको ।	व्यवस्थापन विषयमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको ।	दश जोड दुई वा सो सरह उत्तीर्ण गरी डिस्प्याचर (फ्लाइट अप्रेशन ट्रेनिङ) हासिल गरेको ।	दश जोड दुई वा सो सरह उत्तीर्ण गरी एयर ट्राफिक कन्ट्रोल सम्बन्धी तालिम हासिल गरेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपसेनानी पदको लागि,-

न्यूनतम शैक्षिक योग्यता							
ग्राउण्ड ह्याण्डलिङ्ग उपसमूह		एभिएसन बन्दोबस्ती तथा प्राप्ती उपसमूह		डिस्प्याचर उपसमूह		एयर ट्राफिक कन्ट्रोलर उपसमूह	
खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता	खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता	खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता	खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता
अटोमोवाइल इन्जिनियरिङ्ग बिषयमा स्नातक तह उत्तीर्ण गरेको ।	अटोमोवाइल इन्जिनियरिङ्ग बिषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा कम्तीमा छ महिनाको तालिम हासिल गरेको ।	स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।	दश जोड दुई वा सो सरह उत्तीर्ण गरी एभिएशन इनस्टिच्युटबाट सम्बन्धित ट्रेडमा कम्तीमा छ महिनाको डिप्लोमा उत्तीर्ण गरेको ।	स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।	दश जोड दुई वा सो सरह उत्तीर्ण गरी फ्लाइट अप्रेशन अफिसर तालिम हासिल गरेको ।	स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।	दश जोड दुई वा सो सरह उत्तीर्ण गरी सम्बन्धित ट्रेडमा कम्तीमा छ महिनाको तालिम हासिल गरेको ।

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमको अमल्दार र जमदार पदका लागि सो खण्डमा उल्लिखित न्यूनतम शैक्षिक योग्यताको अतिरिक्त मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम उत्तीर्ण गरेको हुनु पर्नेछ ।

१०. नियुक्ति गर्ने अधिकारी : पदपूर्ति समितिको सिफारिसमा सैनिक हवाई सेवाको उपसेनानी पदमा मन्त्रालयले र जमदार तथा अमल्दार पदमा कार्यरथीले नियुक्ति गर्नेछ ।

११. उमेरको हद : सैनिक हवाई सेवाका देहायको पदमा कार्यरत अधिकृतको उमेरको हद ऐनको अनुसूची-३ को प्राविधिक तर्फको समान तहको अधिकृत सरह र देहायको पदमा कार्यरत सैनिकको उमेरको हद देहाय बमोजिम हुनेछ :-

(क)	अमल्दार	उनन्चास वर्ष
(ख)	हुद्दा	पचास वर्ष
(ग)	जमदार	एकाउन्नवर्ष
(घ)	सुबेदार	बाउन्न वर्ष

१२. पदावधि : सैनिक हवाई सेवाका प्रमुख सेनानी देखि उपरथी सम्मका अधिकृतको पदावधि ऐनको अनुसूची-४ मा उल्लेख भएको प्राविधिक तर्फको अधिकृत सरह हुनेछ ।

परिच्छेद-३

बढुवा

१३. बढुवा हुन चाहिने न्यूनतम योग्यता : (१) सैनिक हवाई सेवाको पदमा बढुवा हुनको लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) अनुसूची -२ बमोजिमको तालिम पूरा भएको,

(ख) कार्यसम्पादन मूल्याङ्कनमा योग्य देखिएको,

(ग) नियम ९ बमोजिमको शैक्षिक योग्यता भएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) नियम १५ बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएको,

(ङ) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि) उत्तीर्ण गरेको ।

तर कुनै सैनिक कर्तब्य पालनाको सिलसिलामा घाइते भई यस खण्ड बमोजिमको परीक्षामा सहभागी हुन नसक्ने भए पनि सैनिक नियमावलीको नियम ३७ बमोजिम स्वास्थ्य वर्गीकरणमा योग्य ठहरिएमा निज यस नियमावली बमोजिम बढुवाको लागि योग्य हुनेछ ।

(च) बडी मास ईन्डेक्स (बि.एम.आई.) र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस -जी मा दुई वा सो भन्दा कम भएको ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ भएको मितिले दुई वर्षसम्म मिड क्यारियर म्यानेजमेन्ट तालिम वा हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम नलिएको सैनिक बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

१४. बढुवा गर्ने अधिकारी : बढुवा समितिको सिफारिसमा देहायको पदमा बढुवा गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क) महासेनानी देखि उपरथीसम्म -नेपाल सरकार

(ख) उपसेनानी देखि प्रमुख सेनानीसम्म -प्रधान सेनापति

(ग) सुवेदार -हवाई महानिर्देशनालयका महानिर्देशक

(घ) हुद्दा -सम्बन्धित कार्यालय प्रमुख

१५. बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि : (१) सैनिक हवाई सेवाका देहायका पदमा बढुवा हुनको लागि देहाय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको सेवा अवधि पुगेको र एकतह मुनिको पदमा कार्यरत रहेको हुनु पर्नेछ :-

बढुवा हुने पद	अधिकृत सेवा अवधि
(क) उपरथी	एक्काइस वर्ष
(ख) सहायक रथी	बीस वर्ष
(ग) महासेनानी	सत्र वर्ष
(घ) प्रमुख सेनानी	तेह्र वर्ष
(ङ) सेनानी	सात वर्ष
(च) सहसेनानी	दुई वर्ष

(२) सैनिक हवाई सेवाका देहायका पदमा बढुवाको लागि देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछ :-

बढुवा हुने पद	सेवा अवधि
(क) सुबेदार	नौ वर्ष
(ख) हुद्दा	दुई वर्ष

(३) उपनियम (२) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुल्ला प्रतियोगिताद्वारा जमदार पदमा नियुक्ति भई पाँच वर्ष सेवा अवधि पुगेको व्यक्ति सुबेदार पदमा बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

१६. बढुवाको लागि आवश्यक शैक्षिक योग्यता : (१) सैनिक हवाई सेवाका विभिन्न पदमा बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता नियम ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) पाइलट समूहका महासेनानी र सोभन्दा माथिका पदमा बढुवा हुन मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरेको हुनु पर्नेछ ।

(३) हवाई सम्भार समूहका महासेनानी र सोभन्दा माथिका पदमा बढुवा हुन मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत पाईलट समूह र हवाई सम्भार समूहका प्रमुख सेनानी र सोभन्दा माथिको पदमा कार्यरत अधिकृतको हकमा क्रमशः स्नातक र स्नातकोत्तर उपाधि प्राप्त गरेको नभए तापनि यो नियमावली प्रारम्भ भएको मितिले चार वर्षसम्म माथिल्लो पदमा बढुवा हुन बाधा पर्ने छैन ।

१७. बढुवा समिति : (१) सैनिक हवाई सेवाको पदमा गरिने बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ :-

(क) उपरथी पदका लागि,-

(१) प्रधान सेनापतिले तोकेको रथी - अध्यक्ष

(२) प्रधान सेनापतिले तोकेको विभागीय प्रमुख, उपरथी - सदस्य

(३) प्रधान सेनापतिले तोकेको उपरथी

(४) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको उपरथी - सदस्य

(५) कार्यरथी -सदस्य-सचिव

(ख) महासेनानी र सहायक रथी पदका लागि,-

(१) प्रधान सेनापतिले तोकेको रथी - अध्यक्ष

(२) कार्यरथी - सदस्य

(३) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको उपरथी - सदस्य

(४) महानिर्देशक, सैनिक हवाई महानिर्देशनालय - सदस्य

(५) सैनिक सचिव - सदस्य-सचिव

(ग) उपसेनानी देखि प्रमुख सेनानीसम्मको पदका लागि,-

(१) प्रधान सेनापतिले तोकेको रथी - अध्यक्ष

(२) कार्यरथी - सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्रधान सेनापतिले तोकेको
कमाण्डमा रहेको सहायक रथी -सदस्य

(४) प्रधान सेनापतिले तोकेको स्टाफमा
रहेको सहायक रथी -सदस्य

(५) प्रधान सेनापतिले तोकेको सम्बन्धित
सेवा समूह वा उपसमूहको सहायक रथी -सदस्य

(६) सैनिक सचिव - सदस्य-सचिव

(घ) सुवेदार पदका लागि,-

(१) सम्बन्धित कर्मचारी कार्यरत निकायको
महानिर्देशक वा प्रमुखले तोकेको
वरिष्ठ अधिकृत -अध्यक्ष

(२) महानिर्देशनालय, एयर वेश,
तालिम केन्द्र, भि.भि.आइ.पि.
उडान सेवा वा मर्मत तथा
सम्भार सेवाको महानिर्देशक
वा प्रमुखले तोकेको अधिकृत वा
पदिक दुई जना -सदस्य

(३) बढुवा हुने पदभन्दा एक तह
माथिल्लो पदको एक जना -सदस्य

(४) कार्य अधिकृत -सदस्य-सचिव

(ङ) हुद्दा पदका लागि,-

(१) महानिर्देशनालय वा एयर वेश वा
तालिम केन्द्र वा भि.भि.आइ.पि. उडान
सेवा वा मर्मत तथा सम्भार सेवाको
महानिर्देशक वा प्रमुखले तोकेको
वरिष्ठ अधिकृत -अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) महानिर्देशनालय वा एयर वेश वा तालिम केन्द्र वा भि.भि.आइ.पि. उडान सेवा वा मर्मत तथा सम्भार सेवाको महानिर्देशक वा प्रमुखले तोकेको अधिकृत वा पदिक दुई जना -सदस्य

(३) बढुवा हुने पदभन्दा एक तह माथिल्लो पदको एक जना -सदस्य

(४) कार्य पदिक -सदस्य-सचिव

(२) अधिकृतको हकमा सैनिक सचिव विभाग र पदिकको हकमा सम्बन्धित कार्यालयबाट बढुवा हुन नियम १३ बमोजिमको योग्यता पूरा गरेको व्यहोरा लेखी आएपछि बढुवा समितिले यस नियमावलीको अधीनमा रही बढुवा सम्बन्धी कारबाही गर्नेछ ।

(३) बढुवा समितिका अध्यक्ष, सदस्य तथा सदस्य-सचिवले बढुवा समितिको सदस्यको रुपमा काम गर्नु अघि अनुसूची-३ बमोजिमको कबुलियतनामा गर्नु पर्नेछ ।

१८. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर कुनै सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(घ) वार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराममा (नेकिबदीको कलमी चित्र लेखिने महलमा) बढुवाको लागि अयोग्य भनी लेखिएको र त्यस्तो रायलाई अख्तियारी प्राप्त सैनिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकारीबाट समर्थन गरिएको अवस्थामा सो आर्थिक वर्षसम्म,

(ङ) निजी प्रयासमा अध्ययन वा तालिमको लागि विदामा बसेकोमा सो अवधिभर,

(च) कुनै कसूरको सम्बन्धमा कोर्ट अफ ईन्क्वाइरीमा विचाराधिन रहेकोमा सो अवधिभर,

(छ) कुनै कसूरको छानबिनको क्रममा रहेको अवस्थामा सो छानबिन समाप्त नभएसम्म,

(ज) कुनै कसूरको सम्बन्धमा अदालतमा मुद्दा दायर भएकोमा अदालतबाट सफाई नपाएसम्म,

(झ) कुनै कसूरमा अदालतबाट सजाय भएकोमा सो सजाय भुक्तान नगरेसम्म ।

(२) देहायको अवस्थामा अधिकृत, पदिक तथा बिल्लादार सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन :-

(क) आर्थिक अनियमितता, भ्रष्टाचार वा बहुविवाहको कसूरमा अदालतबाट कसूरदार ठहर भएमा,

(ख) मानव अधिकार वा मानवीय कानूनको उल्लङ्घन हुने कार्य गरेको भनी अदालतबाट ठहर भएमा,

(ग) स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी दुई भन्दा बढी भएमा ।

(३) उपनियम (२) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सैनिकलाई तालिम वा आफ्नो पदीय कर्तव्य पालना गर्दाको अवस्थामा कुनै शारीरिक चोटपटक लागेमा र निजको स्वास्थ्य परीक्षण गराउँदा चोटपटक लागेको अङ्ग बाहेक निज शारीरिक तथा मानसिक रूपमा स्वस्थ रही आफ्नो पद अनुरुपको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्य तथा सम्बन्धित तालिम गर्न सक्षम देखी मेडिकल बोर्डले निजलाई स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी एक प्रदान गरेमा त्यस्तो सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

१९. स्थानीय, मानार्थ तथा विशेष बढुवा : स्थानीय, मानार्थ तथा विशेष बढुवा सम्बन्धी व्यवस्था सैनिक नियमावली बमोजिम हुनेछ ।

२०. कार्यवाहक बढुवा : (१) सैनिक हवाई सेवाका बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका र अधिकृत पदमा देहाय बमोजिमको सेवा अवधि पूरा गरेका सेनानी देखि सहायक रथीसम्मका अधिकृतलाई एक तह माथिको पद रिक्त रहेको अवस्थामा बढुवा समितिको सिफारिसमा आवश्यकता अनुसार नियम १४ बमोजिमको अधिकारीले कार्यवाहक बढुवा गर्न सक्नेछ :-

बढुवा हुने पद	अधिकृत सेवा अवधि
उपरथी	बीस वर्ष
सहायक रथी	उन्नाइस वर्ष
महासेनानी	सोह्र वर्ष
प्रमुख सेनानी	बाह्र वर्ष
सेनानी	छ वर्ष

(२) उपनियम (१) को आधारमा बढुवा गर्दा ज्येष्ठतालाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कार्यवाहक बढुवा भएका अधिकृतले कार्यवाहक पाएको पदको तलब र दर्ज्यानी चिन्ह लगाउन पाउनेछ । तर सो कार्यबाहक अवधि पदावधिमा गणना हुने छैन ।

(४) कार्यवाहक बढुवा हुने अधिकृतले कार्यवाहक अवधिभरको तलब वृद्धी (ग्रेड) पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-४

विविध

२१. सरुवा नगरिने : सैनिक हवाई सेवाको कुनै समूह वा उपसमूहको सैनिकलाई अर्को समूह वा उपसमूहको पदमा सरुवा गरिने छैन ।

२२. भत्ता : सैनिक हवाई सेवाको देहायको समूहको अधिकृतले नेपाल सरकारले तोके बमोजिम देहाय बमोजिमको भत्ता पाउन सक्नेछ :-

(क) पाइलट समूहको लागि :-

(१) हवाई भत्ता,

(२) वाउन्टी भत्ता,

(३) स्टोल एयर फिल्ड वा हेलिकप्टर हाइ अल्टीच्युड भत्ता,

(४) वायुयान इन्स्ट्रक्टर भत्ता,

(५) जहाज टाइप भत्ता (बढीमा दुई जहाज),

(६) जहाजको कमाण्ड भत्ता,

(७) जलपान तथा खाजा भत्ता ।

(ख) हवाई सम्भार समूह तथा अन्य हवाई समूहको लागि :-

(१) हवाई भत्ता,

(२) टर्वाइन भत्ता,

(३) जहाज टाइप भत्ता (बढीमा दुई वटा जहाज),

(४) वायुयान इन्स्ट्रक्टर भत्ता,

(५) जलपान तथा खाजा भत्ता,

(६) फ्लाइट इन्जिनियरिङ्ग तथा फ्लाइट प्राविधिक भत्ता ।

२३. सैनिक सेवा नियमावली बमोजिम हुने : यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र नलेखिएको कुरामा सैनिक नियमावली बमोजिम हुनेछ ।

२४. खारेजी तथा बचाउ : (१) देहायका नियमहरु खारेज गरिएका छन् :-

(क) सैनिक (हवाई परिवहन) नियमावली, २०३०,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सैनिक विमान सम्भार समूह नियमावली, २०४२ ।

(२) उपनियम (१) मा उल्लिखित नियमहरु बमोजिम भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ६ सँग सम्बन्धित)

सैनिक हवाई सेवाको विभिन्न पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुनको लागि आवश्यक पर्ने योग्यता

१. सैनिक हवाई सेवाको विभिन्न पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुनको लागि आवश्यक पर्ने योग्यता देहाय बमोजिम रहेको छ :-

(क) नेपाली नागरिक,

(ख) उपसेनानी पदको लागि आवेदन दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई पुरुषको हकमा उनन्तीस वर्ष र महिलाको हकमा तीस वर्ष ननाघेको र जमदार तथा अमल्दार पदको लागि अठार वर्ष उमेर पूरा भई पुरुषको हकमा पच्चीस वर्ष ननाघेको,

तर,

(१) नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिकले पैंतीस वर्ष उमेर पूरा नभएसम्म बढीमा तीन पटक आवेदन दिन सक्नेछ ।

(२) अधिकृत क्याडेट, सहायक सेनानी र उपसेनानी मध्येबाट छनौट गरी पाइलट तालिममा पठाउनु पर्ने भएमा चौबीस वर्ष ननाघेको हुनु पर्नेछ ।

(ग) पुरुषको हकमा कम्तीमा उचाई ५ फिट ३ इन्च, छाती नफुलाउँदा ३२ इन्च र फुलाउँदा ३४ इन्च, वजन ५० के.जी. (११० पौण्ड) महिलाको हकमा कम्तीमा उचाई ५ फिट, वजन ४० के.जी. (८८ पौण्ड) हुनुपर्ने,

तर पाइलट समूहको महिलाको हकमा कम्तीमा ५ फिट ३ इन्च उचाई हुनु पर्नेछ ।

(घ) बि.एम.आई. र स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको,

(ङ) आँखा ± २ भन्दा बढी कमजोर नभएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(छ) तत्काल कुनै पनि राजनैतिक दलको सदस्य नभएको वा नरहेको,

(ज) कुनै आपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको,

(झ) कुनै विध्वंसात्मक उद्देश्य भएको संघ संस्थाको सदस्य नभएको वा नरहेको,

(ञ) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको,

(ट) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घन बापत सजाय नपाएको,

(ठ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

२. सैनिक हवाई सेवाको आन्तरिक प्रतियोगिताद्वारा बढुवा हुने पदमा देहाय बमोजिमको थप योग्यता समेत पूरा गरेको हुनु पर्नेछ :-

(क) बि.एम.आई. मा योग्य र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी दुई वा सो भन्दा कम भएको,

(ख) शारिरीक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि.) उत्तीर्ण गरेको,

(ग) युनिटपतिको सिफारिस भएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(नियम १३ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

बढुवाको लागि आवश्यक पर्ने तालिम

सैनिक हवाई सेवामा बढुवा हुन देहाय बमोजिमको तालिम पूरा गरेको हुनु पर्नेछ :-

(१) पाइलट समूहको लागि,-

क्र.सं.	बढुवा हुने पद	आवश्यक पर्ने तालिम	
		सैनिक पेशागत	हवाई पेशागत
१.	सहसेनानी	अधिकृत क्याडेट वेशिक वा प्राविधिक अधिकृत वेशिक तालिम	(क) कमर्सियल पाइलट लाइसेन्स, एयर फोर्स वा आर्मी एभिएसनबाट पाइलट वेशिक लाइसेन्स प्राप्त गरेको, (ख) उडान लाइसेन्स नवीकरण गरेको ।
२.	सेनानी	गुल्मपति तथा स्टाफ तालिम	(क) कुनै एक जहाज वा हेलिकोप्टरमा टाइप रेटिङ्ग प्राप्त गरेको, (ख) उडान लाइसेन्स नवीकरण गरेको ।
३.	प्रमुख सेनानी		(क) कुनै एक जहाज वा हेलिकोप्टरमा पाइलट इन कमाण्ड गरेको, (ख) उडान लाइसेन्स नवीकरण गरेको ।
४.	महासेनानी	मिड क्यारियर म्यानेजमेन्ट तालिम वा हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम	उडान लाइसेन्स नवीकरण गरेको ।
५.	सहायक रथी		उडान लाइसेन्स नवीकरण गरेको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.	उपरथी		उडान लाइसेन्स नवीकरण गरेको ।

(२) हवाई सम्भार समूहको लागि,-

क्र.सं.	बढुवा हुने पद	आवश्यक पर्ने तालिम
१.	हुद्दा	(क) सैन्य वा प्राविधिक आधार तालिम, (ख) एभिएसन मेन्टेनेन्स थर्ड ग्रेड वा एभिएसन मेन्टेनेन्स सम्बन्धी तालिम ।
२.	जमदार	कम्तीमा छ महिना अवधिको एयरक्राफ्ट मेन्टेनेन्स सम्बन्धी वा सो सरहको तालिम वा एभिएसन मेन्टेनेन्स सेकेण्ड ग्रेड तालिम ।
३.	सुबेदार	(क) एभिएसन मेन्टेनेन्स फष्ट ग्रेड तालिम, (ख) सैन्य वा प्राविधिक आधार तालिम ।
४.	सहसेनानी	प्राविधिक अधिकृत आधार तालिम ।
५.	सेनानी	कम्तीमा एउटा जहाज वा हेलिकप्टरको टाइप कोर्ष गरी नेपाली सेनाको एयरक्राफ्ट मेन्टेनेन्स अथोरिटी प्राप्त गरेको वा भि.भि.आइ.पि. फ्लाइट सेवाको हकमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट एयरक्राफ्ट मेन्टेनेन्स लाइसेन्स प्राप्त गरी नवीकरण गरेको ।
६.	प्रमुख सेनानी	एयरक्राफ्ट मेन्टेनेन्स लाइसेन्स नवीकरण गरेको ।
७.	महासेनानी	(क) नेपाली सेनाबाट एयरक्राफ्ट मेन्टेनेन्स अथोरिटी प्राप्त गरी अथोरिटी बहाल रहेको वा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट एयरक्राफ्ट मेन्टेनेन्स लाइसेन्स प्राप्त गरी नवीकरण गरेको, (ख) मिड क्यारियर म्यानेजमेन्ट तालिम वा हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम ।
८.	सहायक रथी	एयरक्राफ्ट मेन्टेनेन्स लाइसेन्स नवीकरण गरेको ।

(३) अन्य हवाई समूहको लागि,-

(क) ग्राउण्ड ह्याण्डलिङ्ग उपसमूह:

क्र.सं.	बढुवा हुने पद	आवश्यक पर्ने तालिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.	हुद्दा	(क) सैन्य वा प्राविधिक आधार तालिम, (ख) एभिएसन मेन्टेनेन्स थर्ड ग्रेड वा एभिएसन मेन्टेनेन्स सम्बन्धी तालिम ।
२.	जमदार	कम्तीमा छ महिना अवधिको ग्राउण्ड इक्वीप्मेन्ट सम्बन्धी तालिम वा सो सरहको तालिम वा एभिएसन मेन्टेनेन्स सेकेण्ड ग्रेड तालिम ।
३.	सुबेदार	(क) एभिएसन मेन्टेनेन्स फष्ट ग्रेड तालिम, (ख) सैन्य वा प्राविधिक आधार तालिम।
४.	सहसेनानी	प्राविधिक अधिकृत आधार तालिम ।

(ख) एभिएसन बन्दोबस्ती तथा प्राप्ती उपसमूह :

क्र.सं.	बढुवा हुने पद	आवश्यक पर्ने तालिम
१.	हुद्दा	(क) सैन्य वा प्राविधिक आधार तालिम, (ख) एभिएसन स्टोर थर्ड ग्रेड गरेको वा सो सरहको तालिम ।
२.	जमदार	कम्तीमा छ महिना अवधिको एभिएसन लजिष्टिक म्यानेजमेन्ट सम्बन्धी तालिम वा मेटेरियल म्यानेजमेण्ट वेशिक वा एभिएसन स्टोर सेकेण्ड ग्रेड तालिम ।
३.	सुबेदार	(क) एभिएसन स्टोर फष्ट ग्रेड तालिम, (ख) सैन्य वा प्राविधिक आधार तालिम ।
४.	सहसेनानी	(क) प्राविधिक अधिकृत आधार तालिम, (ख) आधारभूत स्टोर तालिम ।
५.	सेनानी	एडभान्स स्टोर तालिम वा एडभान्स बन्दोबस्ती तालिम वा एडभान्स मेटेरियल म्यानेजमेन्ट तालिम ।

(ग) डिस्प्याचर उपसमूह :

क्र.सं.	बढुवा हुने पद	आवश्यक पर्ने तालिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.	सुबेदार	(क) फ्लाइट डिस्प्याचर वा लोड माष्टर तालिम, (ख) सैन्य वा प्राविधिक आधार तालिम ।
२.	सहसेनानी	(क) प्राविधिक अधिकृत आधार तालिम, (ख) फ्लाइट डिस्प्याचर तालिम ।
३.	सेनानी	नेपाली सेना वा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट फ्लाइट अप्रेशन लाइसेन्स नवीकरण गरेको ।
४.	प्रमुख सेनानी	नेपाली सेना वा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट फ्लाइट अप्रेशन लाइसेन्स नवीकरण गरेको ।

(घ) एयर ट्राफिक कन्ट्रोलर उपसमूह :

क्र.सं.	बढुवा हुने पद	आवश्यक पर्ने तालिम
१.	सुबेदार	(क) सम्बन्धित बिषयमा फष्ट ग्रेड तालिम, (ख) सैन्य वा प्राविधिक आधार तालिम ।
२.	सहसेनानी	प्राविधिक अधिकृत आधार तालिम ।

मुद्रण विभाग संरक्षक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(नियम १७ को उपनियम (३) सँग सम्बन्धित)

कबुलियतनामा

..... को सूचना वा पत्र बमोजिम ..... पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेका कुनै पनि उम्मेदवार मेरो नजिकको नातेदार पर्दैन । बढुवा समितिको काम कारवाही गर्दा मैले प्रचलित कानूनको अधीनमा रही गर्नेछु भनी यो कबुलियतनामा गर्दछु ।

कबुलियत गर्नेको,–

नाम :

दस्तखत :

पद :

मिति :

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना ३

सैनिक विविध सेवा नियमावली, २०७४

सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सैनिक विविध सेवा नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सैनिक ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "ग्यारिजन समूह" भन्नाले नेपाल सरकारले तोकेको विशिष्ट व्यक्ति, राष्ट्रिय महत्वका चिज वा वस्तु रहेको स्थान, महत्वपूर्ण संरचना वा त्यस्तै राष्ट्रिय महत्वका अन्य कुराको सुरक्षा गर्ने लगायतका काम गर्न नियुक्त भएका सैनिक व्यक्तिहरुसँग सम्बन्धित समूह सम्झनु पर्छ ।

(ग) "पदपूर्ति समिति" भन्नाले नियम ७ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ ।

(घ) "बढुवा समिति" भन्नाले नियम १७ बमोजिमको बढुवा समिति सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको रक्षा मन्त्रालय सम्झनु पर्छ ।

(च) "सैनिक कर्मचारी समूह" भन्नाले नेपाली सेना अन्तर्गतका कार्यालयहरुमा प्रशासनिक कार्यमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहयोग गर्ने सैनिक व्यक्तिहरुसँग सम्बन्धित समूह सम्झनु पर्छ ।

(छ) "सैनिक नियमावली" भन्नाले सैनिक सेवा नियमावली, २०६९ सम्झनु पर्छ ।

परिच्छेद-२

सैनिक विविध सेवाको पदपूर्ति तथा नियुक्ति

३. सैनिक विविध सेवा : (१) सैनिक नियमावली बमोजिमको एक सैनिक विविध सेवा रहनेछ ।

(२) उपनियम (१) बमोजिमको सैनिक विविध सेवामा देहाय बमोजिमका समूह रहनेछन् :-

(क) पुजारी समूह,

(ख) सैनिक कर्मचारी समूह,

(ग) लेखा समूह,

(घ) बन्दोबस्ती कार्य समूह,

(ङ) ग्यारिजन समूह ।

४. सैनिक विविध सेवाका समूहमा रहने पदः सैनिक विविध सेवाका देहायका समूहमा देहाय बमोजिमका पद रहनेछन् :-

	(क) पुजारी समूह	(ख) सैनिक कर्मचारी समूह	(ग) लेखा समूह	(घ) बन्दोबस्ती कार्य समूह	(ङ) ग्यारिजन समूह
१.	-	-	-	-	फलोअर्स
२.	-	-	-	सिपाही	सिपाही
३.	-	-	-	प्यूठ	प्यूठ
४.	-	अमल्दार	-	अमल्दार	अमल्दार
५.	हुद्दा	हुद्दा	-	हुद्दा	हुद्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.	जमदार	जमदार	जमदार	जमदार	जमदार
७.	सुवेदार	सुवेदार	सुवेदार	सुवेदार	सुवेदार
८.	-	-	-	प्रमुख सुवेदार	प्रमुख सुवेदार
९.	उपसेनानी	उपसेनानी	उपसेनानी	उपसेनानी	उपसेनानी
१०.	सहसेनानी	सहसेनानी	सहसेनानी	सहसेनानी	सहसेनानी
११.	सेनानी	सेनानी	सेनानी	सेनानी	सेनानी
१२.	-	-	प्रमुख सेनानी	प्रमुख सेनानी	प्रमुख सेनानी
१३.	-	-	महासेनानी	-	महासेनानी
१४.	-	-	सहायक रथी	-	-
१५.	-	-	उपरथी	-	-

५. सैनिक विविध सेवाको पदपूर्ति : (१) सैनिक विविध सेवाको देहायका पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

(क) पुजारी समूह :

	पद	खुल्ला प्रतियोगिताद्वारा	बढुवाद्वारा	आन्तरिक प्रतियोगिताद्वारा
१.	हुद्दा	७०%	-	३०%
२.	जमदार	-	१००%	-
३.	सुवेदार	-	१००%	-
४.	उपसेनानी	-	५०%	५०%
५.	सहसेनानी	-	१००%	-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.	सेनानी	-	१००%	-

(ख) सैनिक कर्मचारी समूह:

	पद	खुल्ला प्रतियोगिताद्वारा	बढुवाद्वारा	आन्तरिक प्रतियोगिताद्वारा
१.	अमल्दार	७०%	-	३०%
२.	हुद्दा	-	१००%	-
३.	जमदार	-	१००%	-
४.	सुवेदार	-	१००%	-
५.	उपसेनानी	-	५०%	५०%
६.	सहसेनानी	-	१००%	-
७.	सेनानी	-	१००%	-

(ग) लेखा समूह :

	पद	खुल्ला प्रतियोगिताद्वारा	बढुवाद्वारा	आन्तरिक प्रतियोगिताद्वारा
१.	जमदार	७०%	-	३०%
२.	सुवेदार	-	१००%	-
३.	उपसेनानी	७०%	-	३०%
४.	सहसेनानी	-	१००%	-
५.	सेनानी	-	१००%	-
६.	प्रमुख सेनानी	-	१००%	-
७.	महासेनानी	-	१००%	-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.	सहायक रथी	-	१००%	-
९.	उपरथी	-	१००%	-

(घ) बन्दोबस्ती कार्य समूह :

	पद	खुल्ला प्रतियोगिताद्वारा	बढुवाद्वारा	आन्तरिक प्रतियोगिताद्वारा
१.	सिपाही	१००%	-	-
२.	प्युठ	-	१००%	-
३.	अमल्दार	-	१००%	-
४.	हुद्दा		१००%	-
५.	जमदार	-	१००%	-
६.	सुवेदार	-	१००%	-
७.	प्रमुख सुवेदार	-	१००%	-
८.	उपसेनानी	-	१००%	-
९.	सहसेनानी	-	१००%	-
१०.	सेनानी	-	१००%	-
११.	प्रमुख सेनानी	-	१००%	-

(२) उपनियम (१) को खण्ड (क) बमोजिमको हुद्दा, खण्ड (ख) बमोजिमको अमल्दार र खण्ड (ग) बमोजिमको जमदार पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक शैक्षिक योग्यता पुगेका र पदपूर्ति गरिने पदभन्दा तल्लो नेपाली सेनाको जुनसुकै पदमा कार्यरत सैनिक उम्मेदवार हुन सक्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको उपसेनानी पदको आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा सो पदको लागि आवश्यक शैक्षिक योग्यता पुगेका सम्बन्धित समूहको पदिक पदमा कम्तीमा दश वर्ष सेवा अवधि पूरा गरेका सुवेदार उम्मेदवार हुन सक्नेछन् ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

(क)	महिला	- बीस प्रतिशत
(ख)	आदिवासी/जनजाती	- बत्तीस प्रतिशत
(ग)	मधेशी	- अठ्ठाईस प्रतिशत
(घ)	दलित	- पन्ध्र प्रतिशत
(ङ)	पिछडिएको क्षेत्र	- पाँच प्रतिशत

स्पष्टीकरण :

(१) यस उपनियमको प्रयोजनको लागि "महिला, आदिवासी/जनजाति, मधेशी, दलित" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेशी र दलित सम्झनु पर्छ ।

(२) खण्ड (ङ) को प्रयोजनको लागि "पिछडिएको क्षेत्र" भन्नाले मनाङ, मुस्ताङ, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(३) खण्ड (ख), (ग) वा (घ) बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक खण्डको समूहको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ ।

(४) यस उपनियम बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाती, मधेशी र दलित समूहको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

तर त्यसरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण महिला, आदिवासी/जनजाती, मधेशी र दलितलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको मानिनेछ ।

(५) यस उपनियम बमोजिम छुट्याइएका पदको लागि दरखास्त दिँदा देहायका कागजात संलग्न गरेको हुनु पर्नेछ :-

(क) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितको लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) मधेशीको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साथ पेश गर्नु पर्नेछ ।

(घ) पिछडिएको क्षेत्रका लागि स्पष्टीकरणको खण्ड (२) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र र सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।

(५) उपनियम (४) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घताङ्क (फ्र्याक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा आएको हो सो भन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(६) उपनियम (४) बमोजिम समावेशी तर्फ छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी पदपूर्ति हुन नसकेमा त्यस्तो पद सो वर्षको सोही विज्ञापनमा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी उम्मेदवारको छनौट गर्नु पर्नेछ ।

६. योग्यता : सैनिक विविध सेवामा रहने पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुन आवश्यक पर्ने योग्यता अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. पदपूर्ति समिति : सैनिक विविध सेवाको देहायको पदमा उम्मेदवार छनौट गरी नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ :-

(क) उपसेनानी पदको लागि,-

(१) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य -अध्यक्ष

(२) मन्त्रालयको सचिव -सदस्य

(३) कार्यरथी -सदस्य

(४) प्रधान सेनापतिले तोकेको सम्बन्धित समूहको अधिकृत -सदस्य

(५) निर्देशक, भर्ना छनौट निर्देशनालय -सदस्य-सचिव

(ख) अमल्दार, हुद्दा र जमदार पदको लागि,-

(१) निर्देशक, भर्ना छनौट निर्देशनालय -अध्यक्ष

(२) प्रतिनिधि (अधिकृत) लोक सेवा आयोग -सदस्य

(३) प्रतिनिधि (अधिकृत), मन्त्रालय -सदस्य

(४) सम्बन्धित समूहको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(५) अधिकृत, भर्ना छनौट निर्देशनालय -सदस्य-सचिव

(ग) सिपाही पदको लागि,-

(१) सम्बन्धित समूहको सेनानी -अध्यक्ष

(२) प्रतिनिधि (अधिकृत) लोक सेवा आयोग -सदस्य

(३) प्रतिनिधि (अधिकृत), मन्त्रालय -सदस्य

(४) सम्बन्धित समूहको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(५) अधिकृत, भर्ना छनौट केन्द्र -सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. परीक्षाको किसिम : (१) सैनिक विविध सेवाको रिक्त रहेका पदमा पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्न देहाय बमोजिमको परीक्षा लिनु पर्नेछ :-

(क) वियरिङ्ग परीक्षा,

(ख) बडी मास ईन्डेक्स (बि.एम.आई) र प्रारम्भिक स्वास्थ्य परीक्षण,

(ग) शारीरिक परीक्षा,

(घ) लिखित परीक्षा,

(ङ) प्रयोगात्मक परीक्षा,

(च) विस्तृत स्वास्थ्य परीक्षण,

(छ) अन्तरवार्ता ।

(२) सैनिक विविध सेवाको उपसेनानी पदका उम्मेदवारका लागि उपनियम (१) का अतिरिक्त गुणमापक परीक्षा (आइ.ओ, टि.ओ., जि.टि.ओ र बोर्ड कन्फ्रेन्स) समेत लिनु पर्नेछ ।

(३) सैनिक विविध सेवाको रिक्त पदमा स्थायी पूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।

९. शैक्षिक योग्यता र अनुभव : सैनिक विविध सेवाका पदमा खुल्ला तथा आन्तरिक प्रतियोगिताको लागि उम्मेदवार हुन आवश्यक पर्ने शैक्षिक योग्यता र अनुभव देहाय बमोजिम हुनेछ:-

(क) पूजारी समूहको लागि,-

पद	न्यूनतम शैक्षिक योग्यता (खुल्ला वा आन्तरिक प्रतियोगिता)
हुद्दा	पूर्वमध्यमा वा कर्मकाण्ड सहित तीन सय पूर्णाङ्कको संस्कृत विषय लिई प्रवेशिका परीक्षा वा दश कक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।
उपसेनानी	संस्कृत विषय लिई शास्त्री वा सो सरह उत्तीर्ण गरेको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सैनिक कर्मचारी समूहको लागि,-

पद	न्यूनतम शैक्षिक योग्यता (खुल्ला वा आन्तरिक प्रतियोगिता)
अमल्दार	एस.एल.सी वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरेको ।
उपसेनानी	दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालीम उत्तीर्ण गरेको ।

(ग) लेखा समूहको लागि,-

पद	न्यूनतम शैक्षिक योग्यता	
जमदार	खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता
	लेखा वा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको ।	लेखा वा वाणिज्य शास्त्रमा दश जोड दुई कक्षा वा सो सरह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालीम उत्तीर्ण गरेको ।
उपसेनानी	खुल्ला प्रतियोगिता	आन्तरिक प्रतियोगिता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालिम उत्तीर्ण गरेको ।	वाणिज्य शास्त्रमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा तीन महिनाको कम्प्युटर आधार तालिम र कम्तीमा दुई महिनाको कम्प्युटर एकाउन्टिङ्ग सम्बन्धी तालीम उत्तीर्ण गरेको ।

(घ) बन्दोबस्ती कार्य समूह : बन्दोबस्ती कार्य समूहको सिपाही पदको खुल्ला प्रतियोगिताको लागि सामान्य लेखपढ गर्न जानेको हुनु पर्नेछ ।

१०. नियुक्ति गर्ने अधिकारी : पदपूर्ति समितिको सिफारिसमा सैनिक विविध सेवाको उपसेनानी पदमा मन्त्रालय र अन्य पदमा कार्यरथीले नियुक्ति गर्नेछ ।

११. उमेरको हद : सैनिक विविध सेवाका अधिकृतको उमेरको हद ऐनको अनुसूची-३ को प्राविधिक तर्फको समान तहको अधिकृत सरह र देहायको पदमा कार्यरत सैनिकको उमेरको हद देहाय बमोजिम हुनेछ :-

पद	उमेर हद			
	पुजारी समूह	सैनिक कर्मचारी समूह	लेखा समूह	बन्दोबस्ती कार्य समूह
फलोअर्स				
सिपाही				पचपन्न वर्ष
प्युठ				पचपन्न वर्ष
अमल्दार		उनन्चास वर्ष		पचपन्न वर्ष
हुद्दा	पचास वर्ष	पचास वर्ष		पचपन्न वर्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जमदार	एकाउन्न वर्ष	एकाउन्न वर्ष	एकाउन्न वर्ष	पचपन्न वर्ष
सुवेदार	बाउन्न वर्ष	बाउन्न वर्ष	बाउन्न वर्ष	पचपन्न वर्ष
प्रमुख सुवेदार				पचपन्न वर्ष

१२. पदावधि : (१) सैनिक विविध सेवाका प्रमुख सेनानी देखि उपरथी सम्मका अधिकृतको पदावधि ऐनको अनुसूची-४ मा उल्लेख भएको प्राविधिक तर्फको अधिकृत सरह हुनेछ ।

(२) प्रमुख सुबेदारको पदावधि तीन वर्षको हुनेछ । निजको पदावधि र उमेरको हदमध्ये जुन अगाडि हुन्छ सोही आधारमा अवकाश दिइनेछ ।

परिच्छेद-३

बढुवा

१३. बढुवा हुन चाहिने न्यूनतम योग्यता : (१) सैनिक विविध सेवाका जुनसुकै पदमा बढुवा हुनको लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) अनुसूची -२ बमोजिमको तालीम पूरा गरेको,

(ख) कार्यसम्पादन मूल्याङ्कनमा योग्य देखिएको,

(ग) नियम ९ बमोजिमको शैक्षिक योग्यता भएको,

(घ) नियम १५ बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएको,

(ङ) शारीरिक तन्दुरुस्ती परीक्षा (बेसिक फीटनेस टेस्ट) उत्तीर्ण गरेको,

तर कुनै सैनिक कर्तव्य पालनाको सिलसिलामा घाइते भई यस खण्ड बमोजिमको परीक्षामा सहभागी हुन नसक्ने भए पनि सैनिक नियमावलीको नियम ३७ बमोजिम स्वास्थ्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्गीकरणमा योग्य ठहरिएमा निज सो प्रयोजनका लागि यस नियमावली बमोजिम बढुवाको लागि योग्य हुनेछ ।

(च) बडी मास ईन्डेक्स (बी.एम.आई) र स्वास्थ्य वर्गीकरण (मेडिकल क्याटगोरी) मा योग्य ठहरिएको ।

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ भएको मितिले दुई वर्षसम्म मिड क्यारियर म्यानेजमेन्ट तथा हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम नलिएको सैनिक बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

१४. बढुवा गर्ने अधिकारी : बढुवा समितिको सिफारिसमा देहायको पदमा बढुवा गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

(क)	महासेनानी देखि उपरथीसम्म	-नेपाल सरकार
(ख)	उपसेनानी देखि प्रमुख सेनानीसम्म	-प्रधान सेनापति
(ग)	जमदार देखि प्रमुख सुबेदारसम्म	-कार्यरथी
(घ)	सिपाही देखि हुद्दासम्म	-सम्बन्धित कार्यालय प्रमुख

१५. बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि : (१) सैनिक विविध सेवाका देहायको पदमा बढुवा हुनको लागि देहाय बमोजिमको सेवा अवधि पुगेको र एकतह मुनिको पदमा कार्यरत रहेको हुनु पर्नेछ :-

बढुवा हुने पद	अधिकृत सेवा अवधि
(क) उपरथी	एक्काइस वर्ष
(ख) सहायक रथी	बीस वर्ष
(ग) महासेनानी	सत्र वर्ष
(घ) प्रमुख सेनानी	तेह्र वर्ष
(ङ) सेनानी	सात वर्ष
(च) सहसेनानी	दुई वर्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सैनिक विविध सेवाका देहायको पदमा बढुवाको लागि उम्मेदवार हुन सिपाही पदमा देहाय बमोजिमको सेवा अवधि पुगेको हुनु पर्नेछ :-

पद	सेवा अवधि			
	पुजारी समूह	सैनिक कर्मचारी समूह	लेखा समूह	बन्दोबस्ती कार्य समूह
प्युठ				दुई वर्ष
अमल्दार				चार वर्ष
हुद्दा		तीन वर्ष		सात वर्ष
जमदार	दुई वर्ष	तीन वर्ष		नौ वर्ष
सुबेदार	सात वर्ष	पाँच वर्ष	दुई वर्ष	एघार वर्ष

१६. बढुवाको लागि आवश्यक शैक्षिक योग्यता : (१) सैनिक विविध सेवाको पदमा बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता नियम ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) लेखा समूहको महासेनानी र सोभन्दा माथिका पदमा बढुवा हुन मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा वाणिज्यशास्त्र, व्यवस्थापन, अर्थशास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुँदाका बखत लेखा समूहका प्रमुख सेनानी वा सो भन्दा माथिको पदमा कार्यरत अधिकृतको हकमा स्नातकोत्तर तह उत्तीर्ण नगरेको भए तापनि यो नियमावली प्रारम्भ भएको मितिले चार वर्षसम्म माथिल्लो पदमा बढुवा हुन बाधा पर्ने छैन ।

(४) बन्दोबस्ती कार्य समूहको उपसेनानी पदमा बढुवा हुनको लागि कम्तीमा एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

१७. बढुवा समिति : (१) सैनिक विविध सेवाको पदमा गरिने बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ :-

(क) उपरथी पदको लागि,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष
(२) प्रधान सेनापतिले तोकेको विभागीय प्रमुख -सदस्य
(३) प्रधान सेनापतिले तोकेको उपरथी -सदस्य
(४) कमाण्डमा रहेका उपरथी -सदस्य
(५) कार्यरथी -सदस्य-सचिव

(ख) सहायक रथी र महासेनानी पदको लागि,-
(१) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष
(२) कार्यरथी -सदस्य
(३) प्रधान सेनापतिले तोकेको उपरथी -सदस्य
(४) कमाण्डमा रहेको उपरथी -सदस्य
(५) सैनिक सचिव -सदस्य-सचिव

(ग) उपसेनानी देखि प्रमुख सेनानी पदसम्मको लागि-
(१) प्रधान सेनापतिले तोकेको रथी -अध्यक्ष
(२) कार्यरथी -सदस्य
(३) प्रधान सेनापतिले तोकेको कमाण्डमा रहेको सहायक रथी -सदस्य
(४) सम्बन्धित सेवा समूहको प्रमुख -सदस्य
(५) सैनिक सचिव -सदस्य-सचिव

(घ) सिपाहीदेखि प्रमुख सुबेदार पदसम्मको लागि-
(१) सम्बन्धित सेवा समूहको प्रमुखले तोकेको वरिष्ठ अधिकृत -अध्यक्ष
(२) सम्बन्धित सेवा समूहको प्रमुखले तोकेको अधिकृत वा पदिक -सदस्य
(३) सम्बन्धित सेवा समूहको कार्य अधिकृत/पदिक वा सो सरह -सदस्य-सचिव

(२) अधिकृतको हकमा सैनिक सचिव विभाग र पदिकको हकमा सम्बन्धित कार्यालयबाट बढुवा हुन नियम १३ बमोजिमको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योग्यता पूरा गरेको व्यहोरा लेखी आएपछि बढुवा समितिले यस नियमावलीको अधीनमा रही बढुवा सम्बन्धी कारबाही गर्नेछ ।

(३) बढुवा समितिका अध्यक्ष, सदस्य तथा सदस्य-सचिवले बढुवा समितिको सदस्यको रुपमा काम गर्नु अघि अनुसूची-३ बमोजिमको कबुलियतनामा गर्नु पर्नेछ ।

१८. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर कुनै सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(घ) बार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराममा (नेकिबदीको कलमी चित्र लेखिने महलमा) बढुवाको लागि अयोग्य भनी लेखिएको र त्यस्तो रायलाई अख्तियारी प्राप्त सैनिक अधिकारीबाट समर्थन गरिएको अवस्थामा सो आर्थिक वर्षसम्म,

(ङ) निजी प्रयासमा अध्ययन वा तालिमको लागि विदामा बसेकोमा सो अवधिभर,

(च) कुनै कसूरको सम्बन्धमा कोर्ट अफ ईन्क्वायरीमा विचाराधिन रहेकोमा सो अवधिभर,

(छ) कुनै कसूरको छानविनको क्रममा रहेको अवस्थामा सो छानविन समाप्त नभएसम्म,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) कुनै कसूरको सम्बन्धमा अदालतमा मुद्दा दायर भएकोमा अदालतबाट सफाई नपाएसम्म,

(झ) कुनै कसूरमा अदालतबाट सजाय भएकोमा सो सजाय भुक्तान नगरेसम्म ।

(२) देहायको अवस्थामा कुनै सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन :-

(क) आर्थिक अनियमितता, भ्रष्टाचार वा बहुविवाहको कसूरमा अदालतबाट कसूरदार ठहर भएमा,

(ख) मानव अधिकार वा मानवीय कानूनको उल्लङ्घन हुने कार्य गरेको भनी अदालतबाट ठहर भएमा,

(ग) स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी दुई भन्दा बढी भएमा ।

(३) उपनियम (२) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सैनिकलाई तालिम वा आफ्नो पदीय कर्तब्य पालना गर्दाको अवस्थामा कुनै शारीरिक चोटपटक लागेमा र निजको स्वास्थ्य परीक्षण गराउँदा चोटपटक लागेको अङ्ग बाहेक निज शारीरिक तथा मानसिक रूपमा स्वस्थ रही आफ्नो पद अनुरुपको कार्य तथा सम्बन्धित तालिम गर्न सक्षम देखी मेडिकल बोर्डले निजलाई स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओएस-जी एक प्रदान गरेमा त्यस्तो सैनिक बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

१९. स्थानीय, मानार्थ तथा विशेष बढुवा : स्थानीय, मानार्थ तथा विशेष बढुवा सम्बन्धी व्यवस्था सैनिक नियमावली बमोजिम हुनेछ ।

२०. कार्यवाहक बढुवा : (१) बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका र अधिकृत पदमा देहाय बमोजिमको सेवा अवधि पूरा गरेका सेनानीदेखि सहायक रथीसम्मका अधिकृतलाई एक तह माथिको पद

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रिक्त रहेको अवस्थामा बढुवा समितिको सिफारिसमा आवश्यकता अनुसार नियम १४ बमोजिमको अधिकारीले कार्यवाहक बढुवा गर्न सक्नेछ :-

	बढुवा हुने पद	अधिकृत सेवा अवधि
(क)	उपरथी	बीस वर्ष
(ख)	सहायक रथी	अठार वर्ष
(ग)	महासेनानी	पन्ध्र वर्ष
(घ)	प्रमुख सेनानी	एघार वर्ष
(ङ)	सेनानी	सात वर्ष

(२) उपनियम (१) बमोजिम बढुवा गर्दा ज्येष्ठतालाई प्राथमिकता दिइनेछ ।

(३) उपनियम (१) बमोजिम कार्यवाहक बढुवा भएका अधिकृतले कार्यवाहक पाएको पदको तलब र दर्ज्यानी चिन्ह लगाउन पाउनेछ । तर सो कार्यबाहक अवधि पदावधिमा गणना हुने छैन ।

(४) कार्यवाहक बढुवा हुने अधिकृतले कार्यवाहक अवधिभरको तलब वृद्धी (ग्रेड) पाउने छैन ।

परिच्छेद-४

विविध

२१. ग्यारिजन समूह सम्बन्धी : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ग्यारिजन समूहको पदमा नेपाली सेनाको जुनसुकै सेवाको पदबाट निवृत्तभरण वा उपदान पाउने गरी अवकाश प्राप्त गरेका भूतपूर्व सैनिकलाई अवकास प्राप्त गरेको समानस्तरको पदमा नियुक्त गरी पदपूर्ति गर्न सकिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट कसूरदार ठहरी नेपाली सेनाको सेवाबाट हटाइएको वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बर्खास्त गरिएको व्यक्तिलाई ग्यारिजन समूहमा नियुक्ति गरिने छैन ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम ग्यारिजन समूहको रिक्त पदमा नियुक्तिको लागि योग्य उम्मेदवार छनौट गरी सिफारिस गर्न जङ्गी अड्डाले छनौट समिति गठन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको छनौट समितिले सिफारिस गरेको उम्मेदवारलाई अधिकृतको हकमा मन्त्रालय र अन्य पदको हकमा कार्यरथीले नियुक्ति गर्नेछ ।

(५) ग्यारिजन समूहमा नियुक्ति हुन देहायको पदमा देहायको उमेर ननाघेको हुनु पर्नेछ :-

(क)	महासेनानी	-पचपन्न वर्ष
(ख)	प्रमुख सेनानी	-चौवन्न वर्ष
(ग)	सेनानी	-त्रिपन्न वर्ष
(घ)	सहसेनानी	-बाउन्न वर्ष
(ङ)	उपसेनानी	-एकाउन्न वर्ष
(च)	सहायक सेनानी	-पचास वर्ष
(छ)	सुबेदार	-पचास वर्ष
(ज)	जमदार	-उनन्पचास वर्ष
(झ)	हुद्दा	-अठ्चालीस वर्ष
(ञ)	अमल्दार	-सतचालीस वर्ष
(ट)	प्युठ	-छयालीस वर्ष
(ठ)	सिपाही	-पैतालीस वर्ष
(ड)	फलोअर्स	-त्रिपन्न वर्ष

(६) जङ्गी अड्डाले आवश्यकता अनुसार अन्य सेवाका सैनिकलाई निश्चित समयका लागि ग्यारिजन समूहमा काजमा खटाउन सक्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ग्यारिजन समूहको बढुवा, बढुवाको लागि उम्मेदवार हुन आवश्यक पर्ने न्यूनत्तम सेवा अवधि र तालिम नेपाली सेनाको साधारण सेवाको समान तहको सैनिक सरह र अधिकृतको उमेरको हद तथा पदावधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऐनको अनुसूची-३ को प्राविधिक तर्फको समान तहको अधिकृत सरह हुनेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्युठ, अमल्दार, हुद्दा, जमदार र सुवेदार पदमा बढुवाको लागि उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि सिपाही पदमा क्रमशः दुई, चार, सात, नौ र एघार वर्ष पुगेको र उमेरको हद अधिकृत बाहेक फलोअर्स र प्रमुख सुबेदारको हकमा पचपन्न वर्ष र अन्यको हकमा चौवन्न वर्ष हुनेछ ।

(९) ग्यारिजन समूहको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था नेपाली सेनाले तोके बमोजिम हुनेछ ।

(१०) ग्यारिजन समूहमा नियुक्त भएको व्यक्तिले नियुक्ति हुनु पूर्व नेपाली सेनामा रही सेवा गरेको अवधि समेत निवृत्तभरण प्रयोजनको लागि निजको सेवा अवधिमा गणना गरिनेछ ।

(११) ग्यारिजन समूहमा नियुक्त भई निवृत्तभरण पाउने सैनिक व्यक्तिले पहिले सेवाबाट अवकाश हुँदा औषधि उपचार बापतको रकम नलिएको भए औषधि उपचार बापतको पूरा रकम पाउनेछ । औषधि उपचार बापतको रकम लिएको भए पहिला लिएको रकम कट्टा गरी बाँकी हुन आउने रकम मात्र पाउनेछ ।

(१२) नेपाली सेनाको कुनै पदमा उपदान लिएको व्यक्ति ग्यारिजन समूहमा नियुक्त भएमा निजले पहिला लिएको उपदान बापतको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको सेवा अवधि यस नियम बमोजिमको हालको पदमा गणना गरिनेछ ।

(१३) ग्यारिजन समूहमा नियुक्त भएको सैनिकले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोड्दा निवृत्तभरण पाउने अवधि पुग्ने रहेछ भने निवृत्तभरण पाउनेछ ।

(१४) निवृत्तभरण पाउने गरी सेवा निवृत्त सैनिक व्यक्ति ग्यारिजन समूहको कुनै पदमा नियुक्त भएमा सो पदमा रहेसम्म निवृत्तभरण पाउने छैन ।

२२. सरुवा नगरिने : सैनिक विविध सेवाको कुनै समूहको सैनिकलाई अर्को सेवा वा समूहको कुनै पदमा सरुवा गरिने छैन ।

२३. समूहिकृत हुने : (१) यो नियमावली प्रारम्भ हुँदाका बखत जङ्गी असवाव खाना, पालघर शाखा तथा नेपाली सेनाका अन्य निकायमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यरत बन्दोबस्ती कार्य गर्ने सिपाही र हुद्दा बन्दोबस्ती कार्य समूहको समान पदमा स्वतः समूहिकृत हुनेछन् ।

(२) यो नियमावली प्रारम्भ हुनु अघि सैनिक साधारण सेवाबाट सरुवा वा बढुवा भई विकास निर्माण समूह अर्न्तगतको काम गर्न नेपाली सेनाको विकास निर्माण महाशाखा र सो अर्न्तगत कार्यरत सैनिक व्यक्ति यो नियमावली लागू भएपछि स्वतः सैनिक साधारण सेवाको समान पदमा समूहिकृत हुनेछन् ।

२४. सैनिक नियमावली बमोजिम हुने : यस नियमावलीमा लेखिएको कुरामा यसै नियमावली बमोजिम र अन्य कुराको हकमा सैनिक नियमावली बमोजिम हुनेछ ।

२५. खारेजी तथा बचाउ : (१) देहायका नियमहरु खारेज गरिएका छन् :-

(क) ग्यारिजन गण खडा गर्ने नियमहरु, २०३१,

(ख) नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७ ।

(२) उपनियम (१) मा उल्लिखित नियमहरु बमोजिम भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ६ सँग सम्बन्धित)

सैनिक विविध सेवाको विभिन्न पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुनको लागि आवश्यक पर्ने योग्यता

१. सैनिक विविध सेवाको बिभिन्न पदको खुल्ला तथा आन्तरिक प्रतियोगितामा उम्मेदवार हुनको लागि आवश्यक पर्ने योग्यता देहाय बमोजिम रहेको छ :-

(क) नेपाली नागरिक,

(ख) उपसेनानी पदको लागि आवेदन दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई पुरुषको हकमा उनन्तीस वर्ष र महिलाको हकमा तीस वर्ष ननाघेको र अन्य पदको लागि अठार वर्ष पूरा भई पच्चीस वर्ष ननाघेको,

तर,

(१) नेपाली सेनामा कार्यरत योग्यता पुगेका सैनिक व्यक्तिले पैतीस वर्ष उमेर पूरा नभएसम्म बढीमा तीन पटक आवेदन दिन सक्नेछ ।

(२) बन्दोबस्ती कार्य समूहको सिपाही पदको लागि आवेदन दर्ता गर्ने अन्तिम मितिसम्म अठार वर्ष उमेर पूरा भई छब्बीस वर्ष ननाघेको हुनु पर्नेछ ।

(ग) पुरुषको हकमा उचाई कम्तीमा ५ फिट ३ इन्च, छाती नफुलाउँदा ३२ इन्च र फुलाउँदा ३४ इन्च, वजन ५० के.जी. (११० पौण्ड) भएको र महिलाको हकमा उचाई कम्तीमा ५ फिट र वजन ४० के.जी. (८८ पौण्ड) भएको,

(घ) बडी मास ईन्डेक्स (बी.एम.आई) योग्य र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओए-जी दुई वा सो भन्दा कम हुनु पर्ने,

(ङ) आँखा ± दुई भन्दा बढी कमजोर नभएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(छ) तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको,

(ज) कुनै आपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको,

(झ) कुनै विध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वानरहेको,

(ञ) नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको,

(ट) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,

(ठ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको ।

२. सैनिक विविध सेवाको आन्तरिक प्रतियोगिताद्वारा बढुवा हुने पदको लागि देहाय बमोजिमको थप योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) बडी मास ईन्डेक्स (बी.एम.आई) योग्य र स्वास्थ्य वर्गीकरण एमइडिडिआइसिसिओए-जी दुई वा सो भन्दा कम हुनु पर्ने,

(ख) शारीरिक तन्दुरुस्ती परीक्षा (बि.एफ.टि.) उत्तीर्ण गरेको,

(ग) युनिटपतिको सिफारिस भएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(नियम १३ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

बढुवाको लागि आवश्यक तालिम

सैनिक विविध सेवामा बढुवा हुन देहाय बमोजिमको तालिम पूरा गरेको हुनु पर्नेछ :-

(१) पुजारी समूह :

क्र.सं	बढुवा हुने पद	आवश्यक पर्ने तालिम
१.	जमदार	(क) सैन्य वा प्राविधिक आधार तालिम (ख) कर्मकाण्ड ग्रेड-२
२.	सुबेदार	कर्मकाण्ड ग्रेड-१
३.	उपसेनानी	-
४.	सहसेनानी	प्राविधिक अधिकृत आधार तालिम
५.	सेनानी	-

(२) सैनिक कर्मचारी समूह :

क्र.सं	बढुवा हुने पद	आवश्यक पर्ने तालिम
१.	हुद्दा	(क) सैन्य वा प्राविधिक आधार तालिम (ख) कर्मचारी तेस्रो ग्रेड तालिम
२.	जमदार	(क) कर्मचारी दोस्रो ग्रेड तालिम (ख) लेखा तथा जिन्सी श्रेस्ता तालिम
३.	सुबेदार	कर्मचारी प्रथम ग्रेड तालिम
४.	उपसेनानी	-
५.	सह सेनानी	प्राविधिक अधिकृत आधार तालिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.	सेनानी	-

(३) लेखा समूह :

क्र.सं	बढुवा हुने पद	आवश्यक पर्ने तालिम
१.	सुबेदार	(क) सैन्य वा प्राविधिक आधार तालिम (ख) लेखा तथा जिन्सी तालिम (ग) सैनिक कर्मचारी फष्ट ग्रेड
२.	सहसेनानी	(क) प्राविधिक अधिकृत आधार तालिम (ख) अधिकृत लेखा तथा जिन्सी तालिम
३.	सेनानी	गुल्मपति तथा स्टाफ तालिम
४.	प्रमुख सेनानी	-
५.	महा सेनानी	मिड क्यारियर म्यानेजमेन्ट तालिम वा हाइयर कमाण्ड तथा म्यानेजमेन्ट तालिम
६.	सहायक रथी	-
७.	उपरथी	-

(४) बन्दोबस्ती कार्य समूह :

क्र.सं	बढुवा हुने पद	आवश्यक पर्ने तालिम
१.	प्युठ	बन्दोबस्ती सिपाही आधारभूत तालिम
२.	अमल्दार	-
३.	हुद्दा	-
४.	जमदार	पदिक वा विल्लादार प्रबन्ध तालिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.	सुबेदार	-
६.	प्रमुख सुवेदार	-
७.	उपसेनानी	-
८.	सहसेनानी	प्राविधिक अधिकृत आधार तालिम
९.	सेनानी	-
१०.	प्रमुख सेनानी	-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(नियम १७ को उपनियम (३) सँग सम्बन्धित)

कबुलियतनामा

..... को सूचना वा पत्र बमोजिम ..... पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेका कुनै पनि उम्मेदवार मेरो नजिकको नातेदार पर्दैन । बढुवा समितिको काम कारबाही गर्दा मैले प्रचलित कानूनको अधीनमा रही गर्नेछु भनी यो कबुलियतनामा गर्दछु ।

कबुलियत गर्नेको,–

नाम :

दस्तखत :

पद :

मिति :

आज्ञाले,
बिनोद के.सी.
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।